

# १३ मोशाको पुनरुत्थान

***यस अध्यायका मूल पदहरू:*** गन्ती २०:१-१३, व्यवस्था ३१:२, व्यवस्था ३४:४, व्यवस्था ३४:१-१२, यहूदा ९ र १ कोरन्थी १५:१३-२२।

***यस अध्यायको मूल सार पद:*** **"तर प्रधान दूत मिखाएलले पनि मोशाका लाशको विषयमा दियाबलससँग विवाद गर्दा त्यसलाई निन्दापूर्ण दोष लाउन साहस नगरी "प्रभुले तँलाई हप्काऊन्!" भनेथे" (यहूदा ९)।**

मरणशील मोशा नै व्यवस्थाको पुस्तकको केन्द्रविन्दु थियो भनेर हामी यस अध्ययन पुस्तकमा हेऱ्यौ। उनको जीवन, उनको चरित्र र उनका सन्देशहरूले व्यवस्थाको पुस्तक भरिएको छ। यद्यपि, गहिरिएर हेऱ्यौं भने व्यवस्थाको पुस्तक परमेश्वर र उहाँको प्रेमको बारेमा हो। त्यो प्रेम उहाँका जन इस्राएलीहरू अर्थात् "आम यिस्राएल" ***"am yisrae'el"*** को निम्ति थियो। आफ्नो प्रेमलाई मानिसहरूको बीचमा प्रकट गर्न र आफ्नो भनाइहरू तिनीहरूसँग राख्न परमेश्वरले धेरैजसो मोशालाई नै प्रयोग गर्नुभएको थियो।

अब हामी यस अध्ययन पुस्तकको अन्तमा आइपुगेका छौं। व्यवस्थाको पुस्तकको अध्ययनको अन्तमा मोशाको जीवनको अन्तमा हामी पुगेका छौं। त्यो जीवनको अन्त्य खास गरेर यस संसारमामात्रै भएको थियो।

एलेन जी ह्वाइटले आफ्नो मनतव्य यसरी व्यक्त गर्दछिन्: "आफू एक्लै मरिनेछु भन्ने कुरो मोशालाई थाहा थियो; यस संसारमा उनको अन्तिम क्षणहरूमा संसारका कुनै पनि मित्र उनको साथमा रहन अनुमति दिइएको थिएन। उनको अगाडि रहस्य र भयानक दृश्य राखिएको थियो जसले गर्दा उनको हृदय खुम्चिन पुगेको थियो। आफूले माया गरेका र परिश्रम गरेका जनहरूसँग आफ्नो चासो र जीवन नै बुनिएका थियो। तिनीहरूबाट अलग

हुनुपर्ने क्षण उनको निम्ति कठोर परिक्षा थियो। तर उनले परमेश्वरमाथि विश्वास र भरोसा राख्न सिकेका थिए। परमेश्वरको प्रेम र दयामा आफू र उनका जनहरूलाई नहिचकिचाइकन उनले सुम्पेका थिए।"-*पाट्रियार्कस् एण्ड प्रोफेटस्,* पृ. ४७०,४७१बाट रूपान्तरित।

मोशाको जीवन र सेवाकार्यले परमेश्वरको चरित्रको बारेमा धेरै प्रकट गरिएको थियो। उनको मृत्यु र पुरुनत्थानले पनि आफ्ना जनहरूप्रति परमेश्वरको चाहना के थियो भनेर प्रकट गरिएको थियो।

## १. मोशाको पापः भाग १

इस्राएलीहरू जतिसुकै भ्रष्ट भएतापनि र मरुभूमिमा भ्रमण गरिरहन बाध्य परेतापनि, तिनीहरूका आवश्यकताहरू परमेश्वरले अचम्म तरिकाले उपलब्ध गराउनुभएको वृतान्त हामी बारम्बार पढ्छौं। तिनीहरू जतिसुकै अयोग्य भएतापनि (जुन तिनीहरूको निरन्तर स्वभावै थियो) परमेश्वरले आफ्नो अनुग्रह र सदाशयता तिनीहरूमाथि बगाइरहनुभएको थियो। हामी जतिसुकै अयोग्य भएतापनि हामीलाई पनि उहाँको अनुग्रह उपलब्ध गराइएको छ। यदि हामी धर्मकर्म गरेर, असल भनेर देखाएर, अनेकौं कठोर प्रयास, त्याग तपस्या, उदार भएर परमेश्वरको अनुग्रह पाउँछौं भने त्यो अनुग्रह हुँदैन, हुन्छ त?

र, उजाड स्थान वा मरुभूमिमा तिनीहरूलाई अचम्म तरिकाले उपलब्ध गराउनुभएको प्रसस्त खाना बाहेक तिनीहरूलाई चाहेको पानी थियो। यो पनि उहाँकै अनुग्रहले उपलब्ध गराउनुभएको थियो। विशेष गरेर सुख्खा, उजाड र तातो मरुभूमिमा पानीबिना तिनीहरू छिट्टै मर्दथ्यो। यो अनुभवको बारेमा चर्चा गर्दै पावलले लेख्दछः "सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिंड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो" (१ कोरिन्थी १०:४)। यसमा एलेन जी ह्वाइटले पनि यसरी थप्नुहुन्छः "तिनीहरू यात्रा गर्दै थिए, तिनीहरूलाई पानी चाहेको थियो। तब पहाडको चट्टानमा चिरा परेर पानीको फोहरा तिनीहरू रहेको शिबिरतिर बगेको थियो।"-पाट्रियार्कस् एण्ड प्रोफेटस्, पृ. ४११बाट रूपान्तरित।

**गन्ती २०:१-१३ पढ्नुहोस्। यहाँ के भयो र मोशाले के गरे त्यसको लागि परमेश्वरले दिनुभएको सजायँलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्, "१ इस्राएलीहरूका सारा समुदाय पहिलो महिनामा जीनको उजाड्स्थानमा आइपुगे, र**

कादेशमा वास बसे। अनि मिरियम त्यहीँ मरिन्, र तिनीहरूले तिनलाई त्यहीँ नै
गाड़े। २ समुदायको निम्ति त्यहाँ पानी थिएन, अनि मानिसहरू मोशा र
हारूनका विरुद्धमा जम्मा भए। ३ तिनीहरूले मोशासित झगड़ा गरेर यसो भने,
"हाम्रा दाजुभाइहरू परमप्रभुको सामु मर्दा हामी पनि मरेको भए असल हुनेथियो,
४ किनभने अब हाम्रा गाईबस्तुसमेत हामी सब यहाँ मर्नेछौं। किन परमप्रभुको
समुदायलाई तपाईंले यस उजाड़-स्थानमा ल्याउनुभयो? ५ मिश्रबाट किन
हामीलाई यस खराब ठाउँमा ल्याउनुभयो? यस ठाउँमा अन्न, अथवा नेभारा वा
दाख वा अनारहरू केही छैनन्। यहाँ पिउने पानी पनि छैन।" ६ तब मोशा र
हारून समुदायको सामुबाट भेट हुने पालको ढोकामा गएर घोप्टो परे, र
परमप्रभुको महिमा तिनीहरूकहाँ देखा पऱ्यो। ७ परमप्रभुले मोशालाई भन्नुभयो,
८ "यो लौरो लिएर तिमी र तिम्रो दाजु हारून गएर समुदायलाई जम्मा गर।
तिनीहरूका आँखाकै सामुन्ने यस चट्टानलाई हुकुम गर् र चट्टानबाट पानी
निस्कनेछ, र तिमीले यस चट्टानबाट तिनीहरूका निम्ति पानी निकाल्नेछौ। यसरी
तिमीले समुदाय र तिनका गाईबस्तुहरूलाई पानी दिनेछौ।" ९ तब परमप्रभुले
आज्ञा गर्नुभएझैं मोशा लौरो लिएर उहाँको सामुन्नेबाट गए, १० अनि मोशा र
हारूनले चट्टानको सामुन्ने समुदायलाई जम्मा गरे। तब मोशाले तिनीहरूलाई
भने, "सुन, ए विद्रोही मानिस हो! के यही चट्टानबाट हामी तिमीहरूका निम्ति
पानी निकालिदिऔं?" ११ अनि मोशाले आफ्नो हात उठाएर दुई पल्ट आफ्नो
लौरोले चट्टान हिर्काए। तब त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो, अनि समुदाय
र तिनीहरूका गाईबस्तुले पिए। १२ तर परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, "मलाई इस्राएलीहरूका सामु पवित्र तुल्याउनलाई तिमीहरूले ममाथि
विश्वास नगरेको हुनाले मैले तिनीहरूलाई दिने देशमा तिमीहरूले यस
समुदायलाई पुऱ्याउन पाउनेछैनौ।" १३ यसैलाई मेरीबाका पानी भनिन्छ। यहीं
नै इस्राएलीहरूले परमप्रभुसँग झगड़ा गरे, र तिनीहरूका बीचमा उहाँ पवित्र
प्रकट हुनुभयो।"

मानवीय स्तरमा हेर्ने हो भने इस्राएलीहरूको कचकचप्रति मोशा चित्त दुखाउनु र दिक्क मान्नु मनासिब नै देखिन्छ। परमेश्वरले अनेकौं आश्चर्य र अचम्मको काम र चिन्हहरूद्वारा इस्राएलीहरूलाई मिश्र देशबाट निकालेर ल्याउनुभएको थियो। अब तिनीहरू प्रतिज्ञा गरिएको देशका सिमानाहरूमा थिए। अनि के भयो त? अचानक तिनीहरूले भनेकै बेलामा पानी पाएन। अनि तिनीहरूले मोशा र हारुनको विरुद्धमा विद्रोह गर्ने खडयन्त्र रच्दछन्। पहिला

कतिपल्ट परमेश्वरले तिनीहरूलाई पानी उपलब्ध गराउनुभएको थियो, के अब उहाँले उपलब्ध गराउनुहुन्न र? सक्नु त हुन्थ्यो र उहाँले तिनीहरूलाई पानी फेरि उपलब्ध गराउने प्रक्रियामा उहाँ हुनुहुन्थ्यो।

तर रिसको झोंकमा के बोलेर चट्टानमा उनले लट्ठीले हिर्काए, त्यो पनि दुई पल्ट? "हे बिद्रोहीहरू हो! के हामीले तिमीहरूको निम्ति यस चट्टानबाट पानी निकालिदिने र?" (गन्ती २०:१० रूपान्तरित)। मोशा चुर भएर बोलेको सबैले सुन्न सक्थ्यो। तिनीहरूलाई "विद्रोही" भनेर सम्बोधन गरेका थिए।

उनी किन रिसाए भन्ने कुरो बुझ्न सकिन्थ्यो तर समस्या खास गरेर उनको रिससँग थिएन तर जब उनले यो भने, "के हामीले यस चट्टानबाट तिमीहरूको निम्ति पानी निकालेर ल्याउन त?" यसमा समस्या भएको थियो। उनी वा अरू कुनै मानव प्राणीले चट्टानबाट पानी निकालेर ल्याउने शक्ति भएको उनले देखाएका थिए। रिसको झोंकमा उनले यो बिर्सेकि परमेश्वरको शक्तिले तिनीहरूको बीचमा काम गरेमात्र पानी ल्याउने आश्चर्य काम हुन सक्थ्यो। सबै मानिसहरूमा मोशाले यो त झन बुझ्नुपर्दथ्यो।

**कतिपय समयमा हामी रिसाएको ठिकै ठानेतापनि के वचन बोल्दछौं जो परमेश्वरको सामु ठीक हुँदैन? जब रिस उठ्छ तब एक छिन रोकेर, प्रार्थना गरेर र परमेश्वरको शक्तिलाई खोजेर जवाफ दिन तत्पर हुनुपर्दैन र? त्यसो नगर्दा कतिपल्ट हामी गल्ती गर्दछौं र गल्ती बोल्दछौं, सोच्नुहोस्।**

## २. मोशाको पापः भाग २

**गन्ति २०:१२,१३ फेरि पढ्नुहोस्। मोशाले जे गरे त्यसले गर्दा प्रतिज्ञा गरिएको देशमा उनी जान सकेन भनेर परमेश्वरले के कारण देखाउनुभएको थियो? ती पदहरूको साथै व्यवस्था ३१:२ र व्यवस्था ३४:४ पनि पढ्नुहोस्। हेर्नुहोस्: "१२ तर परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "मलाई इस्राएलीहरूका सामु पवित्र तुल्याउनलाई तिमीहरूले ममाथि विश्वास नगरेको हुनाले मैले तिनीहरूलाई दिने देशमा तिमीहरूले यस समुदायलाई पुऱ्याउन पाउनेछैनौ।" १३ यसैलाई मेरीबाका पानी भनिन्छ। यहीं नै इस्राएलीहरूले परमप्रभुसँग झगड़ा गरे, र तिनीहरूका बीचमा उहाँ पवित्र प्रकट हुनुभयो" (गन्ती २०:१२-१३), "आज म एक सय बीस वर्ष पुगें। अब म तिमीहरूलाई नेतृत्व गर्न सक्दिनँ। 'तिमी यर्दन पारि जानेछैनौ÷ भनी परमप्रभुले**

**मलाई भन्नुभएको छ" (व्यवस्था ३१:२) र "तब परमप्रभुले तिनलाई भन्नुभयो, " तिम्रा भावी सन्तानलाई दिनेछु÷ भनी मैले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गरेको देश यही हो। मैले तिमीलाई यो तिम्रै आँखाले हेर्न दिएँ, तर तिमी त्यहाँ जान पाउनेछैनौ" (व्यवस्था ३४:४)।**

गन्तीमा उल्लेख गरिएको पद अनुसार आफूले परमेश्वरको ठाउँ लिन खोजेको भन्दा ठूलो अपराध उनले गरेका थिए। परमेश्वरको ठाउँ लिन खोज्नु त पाप नै थियो। उनले परमेश्वरमाथिको विश्वासमा कमजोर भएको देखाएका थिए। मोशा जस्तो व्यक्तिको निम्ति त्यो असल बहाना थिएन। जलिरहेको झाङ्ग (प्रस्थान ३:२-१६)मा परमेश्वरसँग अनुभव गरेदेखि यहाँसम्म आउने मोशालाई परमेश्वरले आरोप लगाउनुभएको थियो, "तिमीले मलाई विश्वास गरेनौ"। परमेश्वरको वचनमा उनले विश्वास नगरेकै कारण इस्राएलीहरूको सामु उनले उहाँलाई "पवित्र" तुल्याएनन्। यदि मोशा शान्त भएर विद्रोहीहरूको बीचमा परमेश्वरमाथि आफ्नो विश्वास देखाएको भए उनले परमेश्वरको महिमा गर्दथे। पहिलाको जस्तै हामीले यहाँ पनि देख्दछौं कि सत्य वा पक्का विश्वास र आज्ञाकारीको बीचमा के सम्बन्ध छ भन्ने ज्वलन्त उदाहरण।

यो पनि ध्यान दिएर पढ्नुहोस्: परमेश्वरले मोशालाई के विशेष काम अऱ्हाउनुभएको थियो त्यस आज्ञालाई उनले मानेका थिएनन्।

**गन्ती २०:८ पढ्नुहोस्। परमेश्वरले मोशालाई के भन्नुभएको थियो र त्यसको बिपरित उनले के गरे? हेर्नुहोस्, "यो लौरो लिएर तिमी र तिम्रो दाजु हारून गएर समुदायलाई जम्मा गर। तिनीहरूका आँखाकै सामुन्ने यस चट्टानलाई हुकुम गर् र चट्टानबाट पानी निस्कनेछ, र तिमीले यस चट्टानबाट तिनीहरूका निम्ति पानी निकाल्नेछौ। यसरी तिमीले समुदाय र तिनका गाईबस्तुहरूलाई पानी दिनेछौ।" हेर्नुहोस् उनको गल्ती गन्ती २०:९-११ "९ तब परमप्रभुले आज्ञा गर्नुभएझैं मोशा लौरो लिएर उहाँको सामुन्नेबाट गए, १० अनि मोशा र हारूनले चट्टानको सामुन्ने समुदायलाई जम्मा गरे। तब मोशाले तिनीहरूलाई भने, "सुन, ए विद्रोही मानिस हो! के यही चट्टानबाट हामी तिमीहरूका निम्ति पानी निकालिदिऔं?" ११ अनि मोशाले आफ्नो हात उठाएर दुई पल्ट आफ्नो लौरोले चट्टान हिर्काए। तब त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो, अनि समुदाय र तिनीहरूका गाईबस्तुले पिए।"**

पद नौमा मोशाले परमेश्वरकै आदेश अनुसार लौरोको कुरा गरेका थिए। त्यो त ठीकै थियो। तर पद १०मा हामी पाउँछौं, उनले चट्टानलाई सम्बोधन गर्नुको सट्टा रिसको झोंकमा दुई पल्ट हिर्काएका थिए। यदि उनले सम्बोधन गरेर पानी निस्केको भए सारा मानिसहरू परमेश्वरको अचम्मको शक्ति देखेर चकित हुन्थे। हो, चट्टानमा हिर्काएर पानी निकाल्नु अचम्म नै थियो तर बोलेरमात्र पानी निकाल्नु जस्तो अचम्मको काम भएको थिएन।

हो, झट्ट हेर्दा परमेश्वरले मोशामाथि कठोर न्याय गर्नुभएको देखिन्छः मोशाले कस्तो कठिन जीवन ती इस्राएलीहरूको निम्ति गुजारेका थिए। अब आएर प्रतिज्ञा गरिएको देशमा एउटा सानो गल्तीले गर्दा जान नपाउने रे! जहिले जहिले यो कथा मानिसहरूको बीचमा कहन्छ तब सबै मानिस चकित हुन्छ, किन यो सानो झोंकी कार्यले त्यत्रो लामो समयदेखि अपेक्षा गरिएको देशमा उनी जान अस्वीकार गरियो?

***मोशालाई के भयो त्यसबाट इस्राएलीहरूले के सिक्नुपर्थ्यो के तपाईंलाई थाहा छ?***

## ३. मोशाको मृत्यु

बिचरा मोशा! शताब्दीयौं पहिले अब्राहमलाई दिएको प्रतिज्ञामा "तिम्रो सन्तानलाई यो भूमि दिनेछु" (उत्पत्ति १२:७) आफू पनि पस्न कठिन परिश्रम गर्ने मोशालाई त्यस देशमा जानबाट बञ्चित गरिएको थियो ( मोशाको निम्ति त्यो कस्तो महान् निराशा होला!)।

**व्यवस्था ३४:१-१२ पढ्नुहोस्। मोशालाई के भयो र उनको बारेमा परमेश्वरले के भन्नुभयो जसले गर्दा उहाँको सामु उनी विशेष व्यक्ति भएको देखाएको थियो? हेर्नुहोस्, "१ त्यसपछि मोशा मोआबको मैदानबाट यरीहोको सामुन्ने भएको नेबो डाँड़ाको पिसगाको टाकुरामा उक्ले। परमप्रभुले तिनलाई समस्त देश देखाउनुभयो— गिलाददेखि दानसम्म, २ समस्त नप्ताली, एफ्राइम र मनश्शेको देश, पश्चिमको समुद्रसम्मको यहूदाको समस्त देश, ३ नेगेव भनिने दक्षिण देश र खजूरका रूखहरू भएको सहर यरीहोको बेंसीदेखि सोअरसम्म। ४ तब परमप्रभुले तिनलाई भन्नुभयो, " तिम्रा भावी सन्तानलाई दिनेछु÷ भनी मैले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गरेको देश यही हो। मैले तिमीलाई यो तिम्रै आँखाले हेर्न दिएँ, तर तिमी त्यहाँ जान पाउनेछैनौ।" ५ तब परमप्रभुको वचनअनुसार परमप्रभुका दास मोशा मोआब देशमा मरे। ६ मोआब**

**देशमा बेथ-पोरको सामुन्ने एउटा बेंसीमा उहाँले तिनलाई गाड्नुभयो। तर आजसम्म कसैलाई तिनको चिहान थाहा छैन। ७ मोशाको मृत्यु हुँदा तिनी एक सय बीस वर्षका थिए। तिनका आँखा कमजोर भएका थिएनन्, तिनको बल पनि घटेको थिएन। ८ मोआबको मैदानमा इस्राएलीहरूले मोशाको लागि तीस दिनसम्म विलाप गरे। यसरी मोशाको लागि शोक र विलाप गर्ने दिन पूरा भए। ९ अब नूनका छोरा यहोशू बुद्धिको आत्माले परिपूर्ण थिए, किनकि मोशाले आफ्ना हात तिनीमाथि राखेका थिए। तसर्थ, तिनको कुरा इस्राएलीहरूले सुने, र परमप्रभुले मोशालाई दिनुभएका आज्ञाहरू पालन गरे।**

**१० त्यस समयदेखि इस्राएलीहरूमा मोशाजस्तो कोही अगमवक्ता खड़ा भएको छैन, जसलाई परमप्रभुले मुखामुख चिन्नुहुन्थ्यो। ११ तिनैलाई मिश्रमा फारो र उनका सबै अधिकारीहरूकहाँ उनको समस्त देशमा आश्चर्य चिन्ह र अचम्मका कामहरू देखाउनलाई परमप्रभुले पठाउनुभयो। १२ किनकि समस्त इस्राएलीहरूको दृष्टिमा मोशाले गरेका भयानक कामहरू वा तिनको प्रबल शक्ति अरू कसैले कहिल्यै देखाएको छैन।"**

"सुनसान ठाउँमा मोशाले आफ्नो जीवनको उतारचढाव र कठिन परिस्थितिको समिक्षा गरेका थिए। मिश्र देशको शासकसम्म हुन सक्ने उनको अवसर र राजकीय सम्मानहरूलाई परमेश्वरका चुनिएका जनहरूको निम्ति उनले लत्याएका थिए। लामो समयसम्म मरुभूमिमा यथ्रोको बगाललाई स्याहार सँभार गरेको, जलिरहेको झाङ्मा परमेश्वरसँग कुरा गरेको र इस्राएलीहरूलाई स्वतन्त्र गर्न आफूलाई बोलाइएको घट्नाहरू उनको दिमागमा नाच्न पुगेका थिए। फेरि चुनिएको बंशको निम्ति अत्यन्तै महान् शक्ति र आश्चर्य कामहरू परमेश्वरले प्रदर्शन गर्नुभएको, इस्राएलीहरूको विद्रोह र लामो मरुभूमिमा उहाँले देखाउनुभएको सहनशीलता, अनुग्रह र सदाशयता पनि उनको दिमागमा आएको थियो। परमेश्वरले तिनीहरूको निम्ति गर्नुभएको सबै थोकको बाबजुद, र आफ्नो प्रार्थना र परिश्रमको बाबजुद पनि मिश्र देशबाट निस्केका ठूलो भिँडबाट प्रतिज्ञा गरिएको देशमा पस्न केवल दुई जनामात्र योग्य र विश्वासिलो ठहरिएका थिए। जब मोशाले आफ्नो विगत जीवनको त्याग, परिश्रम, सङ्कटको समीक्षा गरे ती सबै उनको निम्ति व्यर्थ भएको उनले महसुस गरेका थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्कस् एण्ड प्रोफेटस्,* पृ. ४७१, ४७२बाट रूपान्तरित।

व्यवस्था ३४:४मा उल्लेख गरिएको वाक्य रोचकपूर्ण छ। यसमा लेखिएको छ "तब परमप्रभुले तिनलाई भन्नुभयो, “ तिम्रा भावी सन्तानलाई

दिनेछु÷ भनी मैले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गरेको देश यही हो। मैले तिमीलाई यो तिम्रै आँखाले हेर्न दिएँ, तर तिमी त्यहाँ जान पाउनेछैनौ।" परमेश्वरले इस्राएलका पूर्खाहरू र तिनीहरूलाई यस भूमिको बारे बारम्बार दिनुभएको वचनको भाषालाई मोशालाई पनि उहाँले दोहोऱ्याउनुभएको थियो।

परमेश्वरले यो पनि भन्नुभयो कि "मैले तिमीलाई यो *तिम्रै आँखाले हेर्न दिएँ,* तर तिमी त्यहाँ जान पाउनेछैनौ" (व्यवस्था ३४:४)। परमेश्वरले देखाउनु भएको सबै देशहरू जुन् मोआबदेखि डानसम्म र नाफ्टलीसम्म मोशाले देख्नु साधारण आँखाले हेर्नु असम्भव थियो। यस मामिलामा एलेन जी ह्वाइट स्पष्ट व्याख्या गर्नुभएको थियो, "यो अलौकिक प्रकट थियो। उनले त्यस भूमिलाईमात्र हेरेनन् तर त्यस भूमिलाई कब्जा गरेपछि त्यो कस्तो देखिनेछ त्यो पनि उनलाई देखाइएको थियो।

एक अर्थमा भन्ने हो भने परमेश्वरले मोशालाई जिस्क्याइरहनुभएको जस्तो देखिन्छ। उनको कुममा हात हालेर मानौं उहाँले भनिरहुनभएको थियो: *तिमीले मेरो कुरा मानेको भए तिमी त्यहाँ जान सक्थ्यौ,* वा यस्तै केही कुरा परमेश्वरले उनलाई सम्झाइरहनुभएको थियो। तर जेभएतापनि र मोशाको गल्तीको बाबजुद पनि परमेश्वरले पूर्खा र इस्राएलसँग गर्नुभएको करारका प्रतिज्ञाहरू पूरा गर्न उहाँ प्रतिवद्ध हुनुभएको मोशालाई देखाउनुभएको थियो। र हामीले हेर्नेछौं कि परमेश्वरको विश्वासपात्र तर कमीकमजोरी सेवकको निम्ति इस्राएल भूमिभन्दा उत्तम देश उहाँले जोगाइ राख्नुभएको थियो

## ४. मोशाको पुनरुत्थान

"५ तब परमप्रभुको वचनअनुसार परमप्रभुका दास मोशा मोआब देशमा मरे। ६ मोआब देशमा बेथ-पोरको सामुन्ने एउटा बेंसीमा उहाँले तिनलाई गाड्नुभयो। तर आजसम्म कसैलाई तिनको चिहान थाहा छैन" (व्यवस्था ३४:५-६)। इस्राएल राष्ट्र वा जनजीवनको केन्द्रविन्दु मोशा जसका लेखहरू जीवितै छन् इस्राएल देशमामात्र होइन चर्च र सिनिगगहरूमा पनि जीवितै छन् तर केही हरफहरूमा उनी मरे भनेर व्यक्त गर्दछ।

मोशा मरे र उनलाई गाडियो र मानिसहरू शोकाकुल भए। प्रकाशको पुस्तकमा लेखिएका वचनहरूको नीति मोशालाई प्रयोग गर्न सकिन्छः "अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, "यो लेखः अब उप्रान्त प्रभुमा

मर्नेहरू धन्यका हुन्।” आत्मा भन्नुहुन्छ, “हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्” ( प्रकाश १४:१३)।

***तर मोशाको मृत्यु उनको जीवनको अन्तिम अध्याय थिएन।***

**यहूदा ९ हेर्नुहोस्। यहाँ के भइरहेको छ र यस पदले नयाँ करारमा मोशा देखा परेका थिए भनेर कसरी बुझाउँछ? हेर्नुहोस्, "तर प्रधान दूत मिखाएलले पनि मोशाका लाशको विषयमा दियाबलससँग विवाद गर्दा त्यसलाई निन्दापूर्ण दोष लाउन साहस नगरी ‘‘प्रभुले तँलाई हप्काऊन्’’ भनेथे।"**

जब मोशाको मृत्यु भयो त्यसबेला के भयो भन्ने कुरा हामीलाई केवल झलकमात्र दिएको छ तैपनि त्यहाँ भएको दृश्यको चित्रण कस्तो अचम्मलाग्दो तरिकाले गरिएको छ। मिखाएल, जो येशू आफै मोशाको लासमाथि सैतानसँग विवाद गर्नुभएको थियो। येशू र सैतानको बीचमा मोशाको लासको निम्ति कसरी र किन कचकच भयो त? मोशा पापी थिए भन्ने कुरोमा कोही विवाद छैन; उनको पछिल्लो पाप परमेश्वरको महिमा वा जस आफैले लिन खोजेका थिए जुन सैतान आफैले गरेको जस्तो थियो-"म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु” (यशैया १४:१४)। परमेश्वरको जस आफैले लिन खोज्दा लुसिफरलाई स्वर्गबाट फँकिएको थियो। सैतानले यस संसारमा जन्मेका मानिसहरू उसका हुन् भनेर दावी गर्न पुगेको थियो। यस सन्दर्भमा मोशालाई पनि आफ्नो भनेर दावी गरेको थियो तर येशूले भने उनको पुनरुत्थानको निम्ति दावी गर्नुभएको थियो।

आफ्नो आज्ञा उलङ्घन गर्ने मोशा जस्तो पापीको लास ख्रीष्टले कसरी दावी गर्न सक्नुहुन्थ्यो र? त्यसको जवाफ केवल क्रूसमात्र थियो। जसरी सबै पशुबलिहरूले येशूको मृत्युलाई औँल्याएको थियो त्यसरी नै उहाँले आफ्नो हुनेवाला क्रूसको बलिलाई मध्यनजर राखेर मोशाको लासलाई उनको पुनरुत्थानको निम्ति दावी गर्नुभएको थियो। "पापको नतिजाले गर्दा मोशा सैतानको शक्तिको अधिनमा हुन पुगेको थियो। उनको आफ्नै धर्मकर्मले उनलाई मुक्ति नदिने हुनाले उनी मृत्युको व्यवस्थाको अधिनमा थिए; तर उनलाई पुनरुत्थान गरिएको थियो। उनी मुक्तिदाताको नाउँले गर्दा अमर जीवन पाउन पुगेका थिए। मोशा चिहानबाट महिमित भएर निस्के र उनको उद्धारकर्तासँग परमेश्वरको सहरमा उक्लेका थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्कस् एण्ड प्रोफेटस्*, पृ. ४७९बाट रूपान्तरित।

**मोशाको पुनरुत्थानको विवरणले मुक्तिको योजनाको गहिऱ्याइलाई कसरी बुझाउन खोज्दछ, त्यो पनि येशू क्रूसमा टाँगिनुभन्दा अघि नै अमरत्व पाउन उनलाई पुनरुत्थान गरिएको थियो?**

## ५. हामी सबैको पुनरुत्थान

जब हामी नयाँ करारमा मोशाको बारेमा पढ्छौं तब प्रतिज्ञा गरिएको देशमा मोशा जान नपाएको उनलाई सजायँ दिएको जस्तो भएको थिएन। संसारको कनान देशको सट्टामा उनले स्वर्गको यरुशलेम सहरमा जान पाए, जुन पछि त्यही सहर यस पृथ्वीमा ओर्लने त हो नि! वर्तमान यरुशलेमको इतिहासमा युद्ध, कब्जा, दुःखकष्टको थलोबाट उम्केर उनी स्वर्गको यरुशलेममा (हिब्रू १२ः२२) पुगे जुन अहिले पनि उनको घर भइरहेको छ। यस पृथ्वीको यरुशलेमभन्दा मोशाको निम्ति त्यो उत्तम छैन र?

मृत्युबाट पुनरुत्थान भएको उदाहरण बाइबलमा मोशा नै पहिलो थियो। हनोकले मृत्यु नै नचाखिकन स्वर्गमा लगिएको थियो (उत्पत्ति ५ः२४), र एलिया पनि (२ राजा २ः११)। तर लिखित लेखा वा वर्णन अनुसार मोशा नै पहिलो व्यक्ति थिए जो अनन्त जीवनको निम्ति पुनरुत्थान भएको थियो।

मोशा कति समयसम्म गाढिएको थियो त्यो हामीलाई थाहा छैन। तर मोशाको निम्ति त्यो पर्वाह थिएन। उनी मृत्युमा आफ्ना आँखाहरू चिम्ले, त्यो चाहे तीन मिनेट होस् वा तीन घन्टा होस् वा ३०० वर्ष होस् उनको निम्ति केही फरक थिएन। इतिहासभरि परमेश्वरको नाउँमा मर्नेहरूको हिसाब त्यही हो। मृत्युको समयको मामिलामा मोशाको भन्दा केही फरक हुँदैन। हामी मृत्युमा आँखा चिम्लिन्छौं र अर्को कुरो हामीलाई थाहा हुन्छ कि येशूको दोस्रो आगमन वा पापमा रहिरहन रुचाउनेहरूको निम्ति न्याय (प्रकाश २०ः७-१५ जहाँ लेखिएको छ "७ एक हजार वर्ष बितेपछि सैतान त्यसको कैदबाट छोडिनेछ, ८ र पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछ। ९ तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पाऱ्यो। १० तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्।

११ तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। १२ मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। १३ समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो। १४ मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। १५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो)।

**१ कोरन्थी १५:१२-२३ पढ्नुहोस्। यहाँ के महान् प्रतिज्ञा हामी पाउँछौं र मर्नेहरू पुनरुत्थान नहुञ्जेल येशूमा सुतिरहन्छन् भन्ने पावलको विश्वासलाई पनि हामी बुझ्न सक्यौं भनेमात्र त्यो प्रतिज्ञा किन अर्थपूर्ण हुन्छ? हेर्नुहोस्, "१२ मृतकहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? १३ तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। १४ यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। १५ त्यसभन्दा बढ़ी हामी परमेश्वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं।**

**२० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै**

**आयो। २२ किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३ तर हरेक आ-आफ्नै क्रमअनुसार— ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू।"**

यस संसारमा हामी जन्मिछौं र मर्छौं तर पुनरुत्थानको आशा हामीमा भएन भने हामीमा हुने कुनै पनि आशाको अर्थ हुँदैन। येशूको पुनरुत्थाननै हाम्रो पुनरुत्थानको ग्यारेन्टी वा जमानत हो; येशू क्रूसमा बलिको पाठो भएर मृत्यु हुनुभएपछि हाम्रा पापहरू उहाँले पखाल्नुहुन्छ (हिब्रू १:३) यदि उहाँलाई हामीले विश्वास गर्‍यौं भने। उहाँ मर्नभयो र पुनरुत्थान हुनुभयो उहाँको पुनरुत्थानले गर्दा हाम्रो पुनरुत्थानको जमानत हुनुभएको थियो। पतित मानिस मोशाको मृत्यु भएपछि उनको पहिलो पुनरुत्थानले हाम्रो पनि पुनरुत्थान हुन्छ भन्ने ग्यारेन्टी छ। ख्रीष्टले के गर्नुहुनेछ त्यसले गर्दा मोशाको पुनरुत्थान भएको थियो भने ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो त्यसले हाम्रो पनि पुनरुत्थान हुनेछ भन्ने निश्चय छ।

यसरी मोशाको उदाहरणमा विश्वासद्वारा मुक्ति पाउँछ भन्ने देखाइएको छ। मोशाको विश्वास उनको जीवनबाट देखाइएको थियो जुन परमेश्वरमा बफादार भएर उहाँमाथि नै भरोसा राखेर अरू कसैलाई भगवान वा मालिक वा स्वामी भनेर उनी चलेका थिएनन्। उनमा कमीकमजोरीहरू थिए र आखिरमा उनी ढलमलिएका थिए तर आफ्नो नजर परमेश्वरबाट उनले तर्काएका थिएनन्। परमेश्वरका जनहरूलाई उहाँको अनुग्रहप्रति आफू जस्तै बफादार हुन मोशाले गरेको आह्वान व्यवस्थाको पुस्तकभरि हामी पाउँछौं। त्यही आह्वान हामीलाई पनि गरिएको छ जो प्रतिज्ञा गरिएको देश वा स्वर्गको सिमानाहरूमा छौं।

**त्यही परमेश्वर जो मोशा र इस्राएलको थियो हामीलाई पनि विश्वासमा अडिग हुन बोलाइरहनुभएको छैन र? आफ्ना जनहरूलाई परमेश्वरमाथि आस्था र भरोसा नराखि हिँडे के हुनेछ भनेर मोशाले गराएको चेतावनी वा सतर्क के हामीलाई पनि लागु हुँदैन र जसले गर्दा हामी पनि तिनीहरूको जस्तै भूलहरू नगर्न सजग हुन सक्छौं?**

## उपसंहार:

"जब मोशा रिसले चुर भएर आवेशमा आएर यसरी चिच्याए, 'के तिमीहरूको निम्ति यस चट्टानबाट हामीले पानी निकाल्नै पर्छ र?' त्यसले गर्दा

आफूहरूलाई परमेश्वरको ठाउँमा रहेको तिनीहरूले देखाएका थिए, मानौं पानी निकाल्ने शक्ति तिनीहरूमा छ। कमजोर, सनकी र पापी हृदय भएका मानिसहरूले परमेश्वरसँग जोरी खोज्ने आँट गर्नुहुँदैनथ्यो। तर मानिसहरूको निरन्तर कचकच र विद्रोहले गर्दा तिनीहरू थकान र पेलानमा परेका थिए। त्यस परिस्थितिमा मोशाले शक्तिशाली सहयोगीप्रतिको आँखा धमिलो हुन पुगेको थियो, र ईश्वरीय शक्तिबिना उनले आफ्नो मानव कमजोरीलाई देखाएका थिए। यो उनको निम्ति खराब लेखा हुन पुगेको थियो। आफ्नो जीवनको अन्तसम्म परमेश्वरको सामु आस्थामा शुद्ध, अडिग र निस्वार्थी भएर बस्न सक्ने मोशा अन्तमा चिप्लेको थियो। सारा जन इस्राएली समूदायको सामु परमेश्वरको अपमान भएको थियो। तिनीहरूको सामु उनले परमेश्वरलाई उचाल्नुपर्दथ्यो र महिमित पार्नुपर्दथ्यो।"-एलेन जी ह्वाइट, *पाट्रियार्कस् एण्ड प्रोफेटस्,* पृ. ४१८बाट रूपान्तरित।

"जब पहाडमा येशूको रूप परिवर्तन भएको थियो त्यसबेला स्वर्गमा रूपान्तर भएको वा परिवर्तित जीवन बिताएका एलियासँग मोशा देखा परेका थिए। आफ्नो पुत्रको निम्ति महिमा र ज्योति बोकाउँदै परमेश्वर पिताले तिनीहरूलाई उहाँकहाँ पठाउनुभएको थियो। शताब्दीयौं पहिले मोशाले गरेको प्रार्थना यसरी पूरा भएको थियो। असल पहाडमा मोशा आफ्ना जनहरूको सामु उभिएका थिए। इस्राएलीहरूलाई दिइएका सारा प्रतिज्ञाहरूको केन्द्रविन्दु परमेश्वरको निम्ति उनी साक्षी भएर उभिएका थिए। नाशवान शरीर भएका चेलाहरूको सामु मोशाको अन्तिम दृश्य देखाइएको थियो। मोशाको इतिहासमा परमेश्वरले उनलाई स्वर्गमा कस्तो महान् सम्मान गरिएको थियो भनेर त्यस क्षणमा चेलाहरूको सामु प्रकट गरिएको थियो।"-*पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ४७९।

**चिन्तनमनन:**

अ. **मोशाको मृत्यु भएको लगत्तै उनको पुनरुत्थान भएर स्वर्गमा लगिएको असलै भएको त देखिन्छ। तर त्यसैबखत परमेश्वरमाथिको आस्थामा खिचडी पकाइरहेका वा अलमलमा परेका मानिसहरूको सामु बिचरा मोशाले उहाँको महिमा गर्न चुकेका थिए। यद्यपि, हामी पनि यस संसारमा जतिसुकै** संघर्ष गरिरहनुपरेतापनि येशू**को दोस्रो आगमनमा हामी सबै जना पुनरुत्थान हुनेछ भन्ने आत्मज्ञान पाउनु हामी कति**

भाग्यमानी छौं, छैनौं त? यो ज्ञान हामीमा हुनु मोशाले अनुभव गरेको भन्दा महान् आशिष होइन त?

आ. नयाँ करारका सन्देशहरू पुरानो करारमा आधारित छन्। तर मोशाको मृत्यु र पुनरुत्थानले हामीलाई पुरानो करारभन्दा अपार ज्ञानतिर लैजान कसरी सहयोग गर्दछ? मोशाको पुनरुत्थानले हामीलाई कस्ता कस्तो नयाँ आत्मज्ञानहरू सिकाउन सक्दछ?

इ. मोशाको जीवनको कथा जसमा आवेगमा आएर चट्टानमा हिर्काउने समेत घट्नाले व्यवस्थाबाट होइन हामी विश्वासद्वारा जिउनुपर्छ भन्ने ज्वलन्त उदाहरणको पाठ हामीलाई कसरी सिकाउँछ?

ई. युगको अन्तमा पुनरुत्थानको प्रतिज्ञाको बारेमा चिन्तन गर्नुहोस्। हाम्रो जिउनेको आशा, हाम्रो अर्थमूलक जीवन जिउनुपर्ने लक्ष्य र सार्थक जीवनको केन्द्रविन्दु पुनरुत्थानको प्रतिज्ञाको आशा किन भएको छ? यदि परमेश्वरले हामीलाई पुनरुत्थान गर्नुहुन्छ भन्ने कुरामा हामी भरोसा राख्छौं भने अरू सबै कुरामा उहाँसँग हामी भरोसा राख्नुपर्दैन र? उहाँले हाम्रो निम्ति सबै थोक गर्न सक्नुहुन्छ भने हाम्रो निम्ति उहाँले गर्न नसक्ने अरू के काम छ र?

## कथा १३
## असमान विवाह
## चेङ्ग जेङ्ग-मी, ५०, ताइवान



*यो कथा चेङ्ग-मीको हो। उनी ताइवानको स्थानीय शिक्षिका हुनुहुन्छ। यस कथाले ताइवानका स्थानीय जनताहरूले सामना गर्नुपरेको वास्तविकतालाई झल्काउँछ।*

म विवाह गर्न चाहेको थिइँन। मेरो हुनेवाला श्रीमान अर्कै चर्चको थिए भने, म सेभेन्थ-डे एडभेन्टिस्ट भएर हुर्केकी थिएँ। तर हाम्रा दुवै बुबाआमाहरूले हामीहरू विवाह गरेको चाहन्थे। मैले मेरा बाबुआमाको कुरा सुन्नै पर्ने भयो।

त्यसकारण, म भावी श्रीमान, मिङ्ग-ह्वाङ्गकहाँ गएँ, र भनें, "हुन्छ त, हामी विवाह गर्न सक्छौं, तर म चर्च परिवर्तन गर्दिंन।" त्यसमा उनको केही समस्या थिएन। तर जब हामी विवाहको बारेमा छलफल गर्न थाल्यौं, तब समस्या खडा भयो। मेरो विवाह एडभेन्टिस्ट चर्चमा भएको म चाहन्थें, त उनले भने, "अहँ! किनभने म तिम्रो श्रीमान हुनेभएकोले, मेरो चर्चमै विवाह गर्नुपर्छ।" म सहमतिमा आउन प्रयास गरें। "त्यसोभए, हामी बाहिर विवाह गरौं, तर हाम्रो विवाह एडभेन्टिस्ट पास्टरले नै गरिदिनुपर्छ," मैले प्रस्ताव गरें। मेरो एक जना भतिजा मिङ्ग-ह्वाङ्गको चर्चमा पास्टर छन्, उनले भने, "तिम्रो भतिजाले नै हाम्रो विवाह गरिदिउन् त।" "अहँ, एडभेन्टिस्ट पास्टर नै हुनुपर्छ," मैले जिकिर गरें। "तपाईंको जेठान एडभेन्टिस्ट पास्टर हुनुहुन्छ, त्यसकारण, उनलाई नै हाम्रो विवाह गरिदिउन्।" हामी दुई जनाको बीचमा बादविवाद केही समयसम्म चल्यो। अन्तमा, मैले भनें, "यदि एडभेन्टिस्ट पास्टरले हाम्रो विवाह गरिदिएन भने, म तपाईंसँग विवाह गर्दिनँ।" "ठिकै छ," उनले जवाफ दिए। "म मेरी आमालाई के गर्ने भनेर सोध्छु।" एक समय, उनकी आमा एडभेन्टिस्ट चर्चको सदस्य थिइन् तर उनको श्रीमान एडभेन्टिस्ट थिएन। जब उनले विवाह गरिन्, तब उनले आफ्नो श्रीमानको चर्चमा सरिक भइन्।

आफ्नी आमासँग कुरा गरिसकेपछि, मिङ्ग-ह्वाङ्गले मलाई भने, "हुन्छ, हाम्रो विवाह एडभेन्टिस्ट पास्टरले गरिदिन सक्छ भनेर मेरी आमाले मञ्जुर गरिन्।"

तर हाम्रो समस्याको अन्त भएको थिएन। उनकी आमाले मलाई मन पराएकी रहेछिन् भनेर मैले थाहा पाएँ। उनको छोरालाई मैले कजाउन सकोस् भन्ने उनको चाहना भएको मैले थाहा पाएँ। उसले जाँडरक्सी पिउँथे र आइतबारमा चर्च पनि जान्दैनथे। यदि उनले मसँग विवाह गऱ्यो भने, उनी ठिक ठाउँमा आउनेछ भन्ने मेरी सासु हुनेले सोचेकी थिइन्। विवाह पछि सासु हुनेको चर्चमा म सरिक हुनेछु भन्ने पनि सासु हुनेले सोचेकी थिइन्।

मेरो विश्वासभन्दा बाहिरको व्यक्तिसँग मैले विवाह गर्नुपरेकोले मलाई अशान्ति भयो। मिङ्ग-ह्वाङ्गलाई थाहा थियो कि मलाई असजिलो भइरहेको छ। हाम्रा बुबाआमाले हामी विवाह गरेको चाहन्छ भन्ने कुरा, यस बेलासम्म हाम्रा गाउँका सबै मानिसहरूले थाहा पाए। यदि हामी विवाह गरेनौं भने, उनको बेइज्जत हुने उनले ठाने। यो त लाजमर्दो पनि हुन्थ्यो। फेरि त्यसैबखत, गाउँलेहरूले मेरो प्रशंसा गर्दै भन्न थालेका थिए, "उनी असल केटी हुन्। तिमीले उनीसँग विवाह गर्नैं पर्छ।" मसँग विवाह गर्न उनी एडभेन्टिस्ट हुने निर्णय गरे। त्यसो गरे आफ्नो इज्जत बच्ने उनले ठानेका थिए। विवाह गर्नुभन्दा एक महिना अघि, उनले बाइबल अध्ययन गरे र बप्तिस्मा पनि लिए। त्यो दिन म कहिल्यै पनि बिर्सिन सक्दिँन। जब उनी पानीबाट निस्के, तब उनी रोएका थिए। वास्तवमा उनले मसँग विवाह गर्न चाहेका थिए, तर आफ्नो पुरानो जीवन त्याग्न चाहेको थिएन। उनले रक्सी पिउन छोड्न चाहेन।

हाम्रा बाबुआमाले अब हामी विवाह गर्नुपर्छ भनेर निधो गरेको ६ महिनापछि, हामी एडभेन्टिस्ट पास्टरद्वारा बाहिर खुला ठाउँमा विवाह गऱ्यौं।

विवाहपछि मलाई धेरै तनाव भयो। मेरो श्रीमानको जीवनशैली मैले परिवर्तन गर्नुपर्छ भन्ने चाप ममा भयो। प्रत्येक साबथ, उनलाई चर्चमा आउन, मैले कर गर्नु पर्दथ्यो। अरूलाई येशूको बारेमा सुनाउनुपर्छ भनेर मैले उनलाई सिकाउनुपरेको थियो।

मिङ्ग-ह्वाङ्ग हारिएको व्यक्ति जस्तो भएको थियो। मलाई विवाह गर्न धेरै थोकहरू त्यागनुपरेकोले आफ्नो स्वाभिमान गिरेको उनलाई अनुभव भइरहेको थियो। म गर्भवती भएको भनेर उनलाई मैले सुनाएँ। "तपाईं धेरै रक्सी पिउनुहुन्छ र धेरै अशुद्ध खानेकुराहरू धेरै वर्षदेखि खाइरहनुभएको छ, त्यसकारण तपाईंको शरीर प्रदुषित भएको छ," भनेर एक दिन उनलाई सुनाएँ।

उनको जीवनशैलीलाई परिवर्तन गर्न हामी सात महिना पर्ख्यौं। त्यसबेला, मैले मेरो श्रीमानलाई स्वस्थ खाना खान र स्वस्थ जीवनशैली कसरी अपनाउनुपर्छ भनेर मैले सिकाएँ। हाम्रो छरछिमेकीहरूले उनमा परिवर्तन भएको देखे र उनी नयाँ मानिस भएकोले उनको प्रशंसा गर्न थाले।

तर उनी नयाँ मानिस हुन चाहेको थिएन। जब हाम्रो छोरीको जन्मभयो, त उनले फेरि रक्सी पिउन थाले। मलाई धेरै दुःख लागेको थियो र रिस पनि उठेको थियो, तर उनलाई मैले छोड्न सकेको थिइनँ।

दश वर्ष वित्यो, र हाम्रो दोस्रो छोरीको पनि जन्म भयो। ती वर्षहरूमा हाम्रो धेरै झगडा र द्वन्द्व भएको थियो। एक दिन मलाई यो महसुस भयो कि म त्यस खालको असमान र झगडा गर्ने जीवन बिताउन चाहिनँ। हामी एक आपसमा छुटौं भनेर मैले उनलाई सुनाएँ, तर उनी चुपचाप रहे। त्यसकारण मैले  हाम्रा बच्ची र १० वर्षकी छोरीहरू लिएर घरबाट भागें र साथीहरूको घरमा गयौं। मेरो श्रीमान एक्लै होस् र आफ्नो जीवन र परिवारको बारेमा उनले सोचोस् भन्ने मैले चाहेको थिएँ। मिङ्ग-ह्वाङ्गमबाट छुट्न चाहेको थिएन। उनले मलाई तीन दिनसम्म खोजे र आखिरमा मलाई साथीको घरमा भेट्टाए। उनको जीवनशैली परिवर्तन गर्न उनले मञ्जुर दिए।

मेरो श्रीमानलाई हृदयदेखि प्रेम गर्छु, तर मैले रोज्नुपरे उनलाई विवाह गर्न सहमत हुँदिन। परमेश्वरको सहायताले उनलाई मैले परिवर्तन गर्न सक्छु कि भनेर मैले उनलाई विवाह गरेको थिएँ। विवाह हुनु अघि मैले यो प्रार्थना पनि गरेको थिएँ, "प्रभु, यदि उनले मुक्ति पाएको तपाईं चाहनुहुन्छ भने, उनलाई परिवर्तन गर्न मलाई सहयोग गर्नुहोस्।" तर बाइबलले भनेको कुरा ठिक छ। यसमा लेखिएको छ, "१४ अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? १५ ख्रीष्टको बेलिआलसँग के सरोकार? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता?" (२ कोरिन्थी ६:१४-१५)। आफ्नै आस्थाको व्यक्तिसँग विवाह गर्नु उचित हुन्छ। संसारको अत्यन्तै बुद्धिमानी व्यक्ति कहिलाइने राजा सोलोमनले पनि, आफ्नो पाठ कठिन बाटोबाट सिकेका थिए। उनले अरू धर्मका धेरै स्त्रीहरूलाई विवाह गरे, र अन्तमा सबै बेकार भनेर आफ्नो जीवनबाट विरक्त भएका थिए।

यदि एडभेन्टिस्ट स्त्रीले एडभेन्टिस्ट नभएकोसँग विवाह गरे, म यो सल्लाह दिन्छु कि तपाईं आफ्नो श्रीमानको निम्ति विश्वास र जीवनशैलीमा

अनुकरणीय उदाहरण बन्नुहोस्। उनको निम्ति प्रार्थना गर्नुहोस्, खाना बनाउनुहोस्, तपाईंको जीवनबाट तपाईंको विश्वास उनलाई देखाउनुहोस्। येशूले मत्ती १०:१६मा भन्नुभएको छ, "हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाझैं पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैं चनाखो र ढुकुरझैं निर्दोष होओ।"

हामी जस्तोसुकै भएपनि परमेश्वरले हामीलाई उद्धार गर्नुहुन्छ। त्यसको निम्ति उहाँको ठूलो प्रशंसा होस्। आखिरमा आएर, मेरो श्रीमान अत्यन्तै मायालु श्रीमान र बाबु बने। उनी चर्चको काममा सहयोग गर्छन् र चर्चको एल्डर पनि हुन्। परमेश्वर असल हुनुहुन्छ।

**-चाङ्ग जेङ्ग-मे**